## सर्वोच्च अदालत बार एशोसिएशनको आयोगजनमा आयोजित Law and Development विषयक राष्ट्रिय सम्मेलनमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माको विशेष अतिथिको मन्तव्य

***सम्माननीय प्रधानन्यायाधीशज्यू, माननीय न्यायाधीशज्यूहरू, कानून तथा वकालतको क्षेत्रमा रहनुभएका वरिष्ठ अधिवक्ता तथा कानून व्यवसायीहरू, आमन्त्रित विशिष्ट अतिथिज्यूहरू***

सर्वोच्च अदालत बार एशोसिएशनको आयोजनामा आयोजित Law and Development विषयक राष्ट्रिय सम्मेलनमा मलाई विशेष अतिथिको रूपमा निमन्त्रणा गर्नुभएकोमा आभार व्यक्त गर्दछु ।

सर्वोच्च बार एशोसिएशनले Law and Development विषयमा प्रदेश स्तरीय सम्मेलन सम्पन्न गरी आज राष्ट्रिय सम्मेलन गर्नुभएकोमा सबै भन्दा पहिले म यहाँहरूलाई धन्यवाद दिन चाहन्छु ।

म अर्थविद वा योजनाविद होइन, विकासका परम्परागत वा शास्त्रीय धारणाको व्याख्याता पनि होइन । विकासको उपलब्धीहरूमा पहुँच हुनुपर्छ र त्यो न्यायोचित पनि हुनुपर्दछ भन्ने धारणा राख्ने सामान्य मानिस हुँ ।

के हो विकास ? भइरहेको विकासमा थप वृद्धि हुनु, भौतिक बढोत्तरी हुनुलाई आम मानिसले विकासको संज्ञा दिएको देखिन्छ । विकासले व्यक्तिको अवस्था, मुलुकको अवस्था र समाजको समग्र अवस्थालाई बुझाउँछ । विकास आँफैमा साह्रै व्यापकता लिएको शब्द हो । विकासले

भौतिक वा मानसिक दुबै अवस्थालाई जनाउँदछ । मुलुकको सन्दर्भमा कलकारखाना, बाटो, अस्पताल, यातायात अर्थात भौतिक वस्तुहरूको बढोत्तरीलाई विकासको मापक मानिन्छ र व्यक्तिको विकास चाहिं उसँग भौतिक सम्पत्तिको वृद्धि, उसको हातमा पुँजीको बढोत्तरी, नोकरीमा पदोन्नति, शासनतन्त्रमा पहुँच, मुलुकका उत्पादनका सेवामा उसको पहुँच इत्यादिलाई व्यक्तिको विकास भएको मानिन्छ । देशको विकास र व्यक्तिको विकास एक आपसमा अन्तरसम्बन्धित छ । प्रतिलोमित.नाताको छ । न inverted development ले मुलुकको विकासमा, केही न केही योगदान व्यक्तिको विकासमा गरेकै हुन्छ । तर यो कुरा व्यक्तिको विकासले मुलुकको विकासमा खासै योगदान गरिरहेको नहुन पनि सक्छ । विकास हुँदैमा त्यसको उपयोग आम नागरिकले गर्न पाउँछ भन्ने धरणा पनि छ तर त्यस्तो नहुन पनि सक्छ । विजुली बत्ती चन्द्रशम्सेरले ल्याएका थिए तर त्यसको उपयोग आम नागरिकको पहुँच भन्दा बाहिर भयो । देशमा विजुली बत्ती आयो, दरवार स्कूल आयो तर त्यसको पहुँच आम नागरिक माझ पुगेन ।

कानून र विकासलाई हामीले छुट्टा छुट्टै रूपमा बुझनु पर्दा कानूनले व्यक्ति तथा नागरिकको अधिकार संरक्षण गर्दछ र विकासले पनि व्यक्ति तथा नागरिकको आर्थिक, सामाजिक तथा जीवनस्तर वृद्धिका लागि मद्दत गर्दछ । सामान्यतया कानून र विकास एक अर्काका परिपुरक हुन । कानूनको माध्यमबाट व्यक्तिको अधिकार संरक्षण, नागरिकको जनजीवनमा असर पर्ने विषयलाई नियमन गर्दै व्यक्तिको आर्थिक सामाजिक विकासमा ठूलो भूमिका खेलेको हुन्छ । कानूनले आधुनिकीकरण र सामाजिक परिवर्तनको लागि उत्प्रेरक (Catalyst) रूपमा भूमिका खेल्दछ ।

अब नेपालको सन्दर्भतिर हेरौं । संविधान देशको मूल कानून हो । संविधानले मौलिक अधिकार मानव अधिकार, कानुनी राज्यको अवधारणालाई अंगिकृत गर्दै आर्थिक, समानता समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समातामूलक समाजको निर्माण गर्ने अठोट लिएको विषय संविधानको प्रस्तावनामै उल्लेख गरिएको छ । संविधानमा राज्यका निर्देशक सिद्धान्त नीति र दायित्वलाई राखिएको छ । यसको लक्ष्य विकास नै हो र त्यसको प्रतिफल देशका सबै नागरिकले पाओस भन्ने

उद्देश्य लिएको देखिन्छ । खास गरी संविधानको धार ५१ को खण्ड (ञ) को निम्न व्यवस्था मनन् योग्य छ ।

**(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति**

(१) असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता  दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,

(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,

(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,

(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मुल्याङ्कन गर्ने,

(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,

(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,

(७) राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने,

(८) आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्ने,

(९) अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(१०) मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(११) उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,

(१३) स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने,

(१४) सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरूलाई संलग्न गराउने,

कानूनको उपस्थितिले नै पुरानो तथा परम्परागत प्रणाली र  विश्वासलाई सुदृढीकरण गर्न सक्छ । छुवाछूत, बाल विवाह, सती प्रथा, दाइजो, छाउपडी जस्ता घृणित प्रचलनहरूको अन्त्य गर्न र सामाजिक परिवर्तन ल्याउने विशिष्ट माध्यम नै कानून हो। कानूनले नागरिकको सामजिक रूपान्तरणको पक्रियामा निश्चित रुपले उत्प्रेरकको रूपमा काम गरेको हुन्छ । कमजोर र जोखिमका रहेका वर्गहरूको लागि सुरक्षात्मक उपायहरू, विभेद तथा उत्पीडनमा रहेका  समुदायहरूको समानता र मर्यादित जीवनको लागि कानूनले महत्वपूर्ण कार्य गरेको छ । साथै विकासको प्रतिफलको भागीदार प्रदान गर्दछ । कानूनहरूको कार्यान्वयन गर्नको लागि हामीसँग संरचनाहरू र संस्थाहरू निर्माण भएका छन् ।

हाम्रा अदालतले व्यक्ति तथा जनताको अधिकार संरक्षणमा मात्र होइन कतिपय यस्ता आदेशहरू गरेको छ जसले मानव जातिको जनजीवनका साथ साथै जीवजन्तु, बनस्पति प्रकृति तथा भौतिक बस्तु माथि हुन सक्ने प्रतिकुल प्रभावलाई समेत कम गर्नको लागि अध्ययन अनुसन्धान, विश्लेषण तथा परीक्षण समेत गरी निर्देशानात्मक आदेशहरू गरेको छ । निर्देशनात्मक आदेशहरूमा दिइएको निर्देशनमा समाधानका उपायहरूलाई समेत औल्याईका हुँदा कार्यान्वयनकारी भूमिकामा रहेका निकायहरूलाई समेत कार्यान्वयनमा सहज पुऱ्याएको छ। अदालतका आदेशहरू पनि कानून सरहकै बल प्राप्त भएको छ त्यसलाई सवैले मान्नुपर्ने संवैधानिक व्यवस्था हुँदा सर्वोच्च अदालतका यस्ता निर्णयले विकासमा थप कानून संविधानको भावना अनुरुपनै बन्नु पर्ने कुरामा दूई मत छैन । समग्रमा संविधानको लक्ष्य विकास मुलक छ र यसकमा थप कानूनको निर्माण गर्न संकेत गरेको छ। मुलुकको मूल कानून नै समग्रमा विकास प्रेमी छ । विकासको उपलब्धी सबैले पाउन सक्ने गरी नीतिगत कल्पना गरेको छ। संविधानको गम्भीररूपले पालना गर्नुपर्छ। कानूनले विकासको यानलाई आगाडी बढाउँछ भन्ने विश्वास गर्न सकिन्छ।

अन्त्यमा, राष्ट्रिय मानव अधिकार आयोगले विकास र मानव अधिकारको विषयलाई आफ्नो प्राथमिकतामा राखी यस सम्बन्धमा अनुगमन, अध्ययन, अनुसन्धानका कार्यहरू शुरू गरेको छ। विकास र मानव अधिकारको विषयमा कतिपय विषयमा नेपाल सरकारलाई निर्देशन समेत दिएको छ। खिम्ती ढल्केबार २२० के.वी विद्युत प्रसारण लाइन सम्बन्धमा आयोगले तहाँका बासिन्दाहरूको मानव अधिकार संरक्षणका लागि सरोकारवाला निकायलाई निर्देशन दिएको थियो । त्यस्तै काठमाडौं सडक विस्तारको क्रममा पैदल मार्ग अपाङ्गता भएका व्यक्तिहरूको लागि मैत्री नभएको भनी आयोगमा प्राप्त निवेदनमा आयोगले सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराएको थियो। कतिपय विषयमा नेपाल सरकारलाई आवश्यक सिफारिस समेत गरेको छ। देशमा हुने आर्थिक, सामाजिक, साँस्कृतिक लगायतका विकास मानव अधिकार मैत्री हुनुपर्दछ भन्नेमा आयोग सदैव प्रयासरत छ। मानव अधिकार संरक्षण र संवर्द्धनमा आयोगलाई यहाँहरूले सदैव साथ दिनु नै हुनेछ भन्ने मलाई विश्वास छ।

॥ धन्यवाद ॥

२०७६ साल पुष ११ गते, ललितपुर ।